# भाग ४

## श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
## राजदरबारको विज्ञप्ति

श्री ५ महाराजाधिराजबाट नेपालको संविधानबमोजिम प्रधानमन्त्री श्री लोकेन्द्रबहादुर चन्दको अध्यक्षतामा निजकै सिफारिशमा हाललाई देहाय अनुसार मन्त्रिपरिषद्को गठन र कार्यविभाजन समेत गरिबक्सेको छ ।

| मन्त्रिपरिषद्को गठनविधि | | कार्यविभाजन |
|---|---|---|
| १. श्री लोकेन्द्रबहादुर चन्द | प्रधानमन्त्री | राजदरबारसम्बन्धी, रक्षा, सामान्य प्रशासन, आवास तथा भौतिक योजना । |
| २. श्री नैनबहादुर स्वांर | मन्त्री | गृह, कानून तथा न्याय, उद्योग, वाणिज्य, आपूर्ति, पंचायत तथा स्थानीय विकास, निर्माण तथा यातायात र वन तथा भू-संरक्षण । |
| ३. श्री पशुपति शम्शेर ज.ब.रा. | मन्त्री | अर्थ, जलस्रोत, परराष्ट्र र संचार । |
| ४. श्री अच्युतराज रेग्मी | मन्त्री | शिक्षा तथा संस्कृति, कृषि, पर्यटन, स्वास्थ्य, श्रम तथा सामाजिक कल्याण र भुमिसुधार तथा व्यवस्था । |

मौसूफबाट नेपाल र नेपालीको हित तथा उन्नति हुने कार्यमा यो मन्त्रिपरिषद्लाई सबैबाट आवश्यक सहयोग प्राप्त हुने नै छ भन्ने आशा व्यक्त गरिबक्सेको छ ।

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

669

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

562